# सिद्धलेक गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चुङ, धादिङ

वागमती प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०

चलानी नं : ८२/०८०

मिति : २०७९/१२/०६

सूचना सूचना सूचना

विषय : – दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको चालु आ.व. ०७९।०८० को दोश्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम (तेश्रो पक्ष रेडियो धादिङ मार्फत सहजिकरण सहित ) तपशिल बमोजिमको मिति, समय र स्थानमा हुन गईरहेको हुँदा वडा नं. ५,६,७ का पदाधिकारी, कर्मचारी सबै र गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत सहित विषयगत शाखाप्रमुखहरु, सबै उपस्थित हुनुपर्ने भएको हुँदा सो दिन वडा नं. ५,६,७ का पदाधिकारी, कर्मचारी, गाउँपालिकाका पदाधिकारी, कर्मचारी र गाउँपालिकाको विषयगत शाखाबाट प्रदान हुने (२०७९।१२।१७ गते) नियमित सेवा प्रभावित् हुने हुँदा सोको असुविधा तथा असमर्थताप्रति गाउँपालिका परिवार सरोकारवाला सवैसँग क्षमाप्रार्थी गर्दै वडा नं. ५,६,७ का स्थानीय नागरिक तथा सरोकारवाला सबै सिद्धलेकवासीलाई उक्त कार्यक्रममा सहभागी भई सेवाप्रवाह, विकासका समग्रपक्ष, सुशासन र पारदर्शिताका विषयमा आफ्नो महत्वपूर्ण प्रश्न, जिज्ञासा तथा सुझाव राखिदिनु हुन समेत यसै सूचना मार्फत जानकारी गराउँदछौं ।

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

नारायण प्रसाद अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

**तपशिल**

मिति :– २०७९।१२।१७ गते शुक्रवार

स्थान :– सिद्धलेक ६ वडा कार्यलयको प्राङ्गण, माझिटार, धादिङ

समय :– विहान ११:०० वजे

**बोधार्थ:-**

श्री विषयगत शाखा प्रमुख सबै (आ–आफ्नो शाखाको हालसम्म प्रथम र दोश्रो चौमासिकसम्मको प्रगती हार्ड र सफ्ट कपी सहित अनिवार्य उपस्थित हुनुहुन ।

श्री वडा कार्यलय ५,६,७ सिद्धलेक गाउँपीलका धादिङ (विवरण सहित उपस्थित हुन, सूचना टाँस र स्थानीय, उपभोक्ता, युवा क्लव, आमा समूह, टोल विकास र सरोकारवालालाई जानकारी गराउनु हुन )

श्री वडा अध्यक्ष ज्यू वडा न. १,२,३,४, र कार्यपालिका सदस्य ज्यूहरु सबै अनिवार्य उपस्थित हुनुहुन तथा वडा सदस्य ज्यूहरु १,२,३,४ स्वैच्छिक रुपमा उपस्थित हुनुहुन

श्री रेडियो धादिङ:- यसै अनुसार तयारी गर्नुहुन ।

श्री सूचना प्रविधि शाखा :- (वेभसाईटमा राखि दिनुहुन तथा वडालाई मेल गरि दिनुहुन ।

Scanned with CamScanner